श्री सर्वोच्च अदालतबाट
... नक्कल बमोजिम
नक्कल आदेश को निवेदक तर्फबाट
सारी लान लाने दस्तुर ... पाना १ को
रु ... का दरले जम्मा पाना १५ को
रु ...
सर्वोच्च अदालत काठमाडौं

श्री सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

आदेश

०८१-WO-१५१८

बिषयः उत्प्रेषण।

अधिवक्ता कुशुम किशोर कोइराला.................................................................निवेदक

विरुद्ध

प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार काठमाडौं समेत.............................विपक्षी

यसमा अन्तरिम आदेश छलफलको लागि पेश हुन आएको निवेदनसहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री उपेन्द्र केशरी न्यौपाने, श्री तुलसी भट्ट, श्री टिकाराम भट्टराई, श्री ईश्वरी प्रसाद भट्टराई, श्री विजयप्रसाद मिश्र र श्री केदार कोइराला तथा विद्वान अधिवक्ताहरु श्री धर्मराज रेग्मी, श्री भावेश गौतम र श्री इश्वरी महर्जन र विपक्षी प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार काठमाडौं समेतको तर्फबाट उपस्थित विद्वान नायब महान्यायाधिवक्ताहरु डा. श्री टेकबहादुर घिमिरे र श्री गोपाल प्रसाद रिजाल तथा विद्वान सह-न्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली, Miuhlbauer ID Services GmbH को तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सतिसकृष्ण खरेल, विद्वान अधिवक्ताहरु श्री हिमेश खरेल र श्री निरुपण कार्की, Veridos GmbH को तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री शम्भु थापा, श्री सुशिल पन्त, श्री बाबुराम दाहाल तथा विद्वान अधिवक्ताहरु श्री राजेश्वर श्रेष्ठ, श्री सेवन्त दाहाल, श्री परितोष घिमिरे र IDEMIA Identity and Security France SAS का तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री राष्ट्र विमोचन तिमल्सिना र श्री किरण पौडेलले गर्नु भएको बहस समेत सुनियो।

यसमा सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१ को दफा ९(३) मा कानूनी व्यवस्था भएबमोजिम विपक्षी राहदानी विभागलाई सुरक्षण मुद्रण केन्द्रबाट मिति २०८१/७/१४ मा सोही ऐनको दफा १० बमोजिम माग भएको परिमाण र प्राविधिक विवरण (स्पेसिफिकेशन) बमोजिमको राहदानी छपाइ गर्न नसक्ने अवस्था रहेको भनी लेखि पठाएपछि विपक्षी राहदानी विभागबाट मिति २०८१/८/१३ मा बोलपत्र आव्हान भएको देखियो। उक्त बोलपत्रको कारवाही अघि बढी पेश हुन आएको बोलपत्र मध्ये सारभुतं रुपमा प्रभावग्राही न्यूनतम मूल्यांकित बोलपत्रदातालाई बोलपत्र स्वीकृत गर्ने मनसायपत्र (letter of intent) जारी भइसकेको र उक्त प्रक्रियाउपर IDEMIA Identity and Security France SAS को तर्फबाट सार्वजनिक खरिद पुनरावलोकन समितिमा मिति २०८२/०३/०८ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम निवेदन परेको र समितिले मिति २०८२/०३/०९ मा खरिद सम्बन्धी कारवाही रोक्का गरिएको समेत देखिन आएको स्थितिमा सुविधा सन्तुलनको दृष्टिकोणबाट मागबमोजिम अन्तरिम आदेश जारी गर्नु परेन।

तथापि सुरक्षण मुद्रण सामग्रीको देशभित्र नै सुरक्षित, भरपर्दो र गुणस्तरीय मुद्रणको लागि संघीय संसदले सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१ जारी गरी सुरक्षण मुद्रण केन्द्रको स्थापना समेत गरेको परिप्रेक्ष्यमा उक्त केन्द्रलाई मेशिन, उपकरण, प्राविधिक जनशक्ति सहितको श्रोतसाधन सम्पन्न बनाई नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी, बैंक नोट, अन्तःशुल्क स्टिकर र सवारी चालक अनुमतिपत्रको मुद्रण केन्द्रबाटै गराउने अवस्था सिर्जना गर्न आवश्यक देखिएको, सुरक्षण मुद्रण केन्द्रले मिति २०८१/१०/२७ च.नं. ८५ को पत्रबाट विपक्षी राहदानी विभागलाई चालु आर्थिक वर्ष र आगामी ३(तीन) आर्थिक वर्षका लागि अनुमानित खपत हुने सुरक्षण मुद्रण सामग्रीको संख्या, स्पेसिफिकेशन तथा औसत र खरिद मूल्यसमेत खुलाई विवरण माग गरी राहदानी मुद्रण गर्नेतर्फ अग्रसरता देखाई व्यवसायिक योजनालगायतका तयारी गर्ने बेहोरा उल्लेख गरेको समेत देखिँदा ऐन बमोजिमको कानूनी कर्तव्य पुरा गर्नको लागि हाल सुरक्षण मुद्रण केन्द्रमा रहेका मेशिन, उपकरण, प्राविधिक जनशक्ति र बजेट समेतको यथार्थ अवस्था के छ, विपक्षी राहदानी विभागलाई आवश्यक पर्ने राहदानी लगायतका सामग्रीहरुको मुद्रणको लागि के-कस्तो तयारी भइरहेको छ, यस क्रममा केन्द्र समक्ष रहेको चुनौती र समस्याहरु के-के हुन्, त्यसको निराकरणका लागि विपक्षी नेपाल सरकार, सूचना तथा सञ्चार प्रविधि मन्त्रालयको योजना र पहल के छ, भन्ने सम्बन्धमा सूचना तथा सञ्चार प्रविधि मन्त्रालय र सुरक्षण मुद्रण केन्द्रबाट छुट्टाछुट्टै विवरणसहितको प्रतिवेदन समेत माग गरी प्रस्तुत रिट निवेदनको चाँडो टुङ्गो लगाउनुपर्ने प्रकृतिको

देखिंदा विपक्षीहरु सबैको लिखितजवाफ परें वा अवधि व्यतित भएपछि सातदिन भित्र पेशी स्थगित गर्न नपाउने गरी पूर्ण सुनुवाईको पेशीमा समेत अग्राधिकार दिई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम नियमानुसार पेश गर्नू। -

न्यायाधीश

न्यायाधीश

इति संवत् २०८२ साल आषाढ महिना ३० गते रोज २ शुभम् ...................................।